**आकाशवाणी समाचार- नेपाली**
**मितिः ३० अगष्ट २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

**१.प्रधानमंत्री नरेंद्र मोदीले आज ताशकंदमा उज्बेकिस्तानका राष्ट्रपति शफकत मिर्जियोयेफ को साथ द्विपक्षीय वार्ता गर्नुहुनेछ।**

**२.प्रधानमंत्री नरेंद्र मोदीले आज 'मन की बात' कार्यक्रमको 137औ श्रीखला मा देशवासिहरुसंग आफ्नो विचार साझा गर्नुहुनेछ।**

**३.भाजपाले कांग्रेसमाथि दलित समुदायलाई राजनीतिक हतियारको रूपमा प्रयोग गरेको आरोप लगाएको छ।**

**४.रक्षा मन्त्री श्री राजनाथ सिंहले आज लखनऊमा उद्योग सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ।**

**५.नेपालमा आकस्मिक बाढीका कारण मृत्यु हुनेको संख्या छ सय पचहत्तर पुगेको छ ।अविरल वर्षाका बीच राहत तथा उद्धार कार्य जारी छ |**

**<u>प्रधानमंत्री - उज़्बेकिस्तान</u>**

प्रधानमंत्री नरेंद्र मोदीले आज ताशकंदमा उज्बेकिस्तानका राष्ट्रपति शफकत मिर्जियोयेफ को साथ द्विपक्षीय वार्ता गर्नुहुनेछ ।दुवै नेताहरुले राष्ट्रपति भवनमा व्यापार र निवेश, रक्षा, डिजिटल संपर्क, ऊर्जा, शिक्षा र दुवै देशहरुको मानिसहरुको बीच संपर्क बढ़ाउने जस्ता मुद्दाहरुमाथि सहयोगको समीक्षा गर्नुहुनेछ।
ताशकंदबाट हाम्रो संवाददाताको रिपोर्ट-

Byte

**<u>प्रधानमंत्री - मन की बात - गुजरात</u>**

प्रधानमंत्री नरेंद्र मोदीले आज 'मन की बात' कार्यक्रमको 137औ श्रीखला मा देशवासिहरुसंग आफ्नो विचार साझा गर्नुहुनेछ। गुजरातमा भारतीय जनता पार्टीले विभिन्न स्थानमा विशेष कार्यक्रमहरू आयोजना गरेको छ |मुख्यमन्त्री भूपेन्द्र पटेलले अहमदाबादमा, भाजपाका प्रदेश अध्यक्ष जगदीश विश्वकर्माले गान्धीनगरमा र केन्द्रीय जल शक्ति मन्त्री सीआर पाटिलले सुरतमा जनतासँग 'मन की बात' सुन्नुहुनेछ। त्यहि पार्टी नेताहरुले युवा, किसान, महिला र विभिन्न सामाजिक समुदायसँग मिलेर कार्यक्रम पनि आयोजना गरेका छन् | यसका साथै पार्टीका कार्यकर्ता, जनप्रतिनिधि र नागरिकले गुजरातका सबै बुथमा प्रधानमन्त्रीको सम्बोधन सुन्नेछन् |

**<u>पीएम - मन की बात</u>**

प्रधानमंत्री नरेंद्र मोदीले आज बिहान 11 बजे आकाशवाणीमा 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिसहरुको साथ आफ्नो विचार साझा गर्नुहुनेछ। यो यस मासिक रेडियो कार्यक्रमको 137औ शृंखला हो। यो कार्यक्रम सम्पूर्ण आकाशवाणी र दूरदर्शन नेटवर्क, एआईआर न्यूज़ वेबसाइट र Newsonair मोबाइल ऐपमा प्रसारण गरिनेछ। यसलाई एआईआर न्यूज़, डीडी न्यूज़, पीएमओ र सूचना एवं प्रसारण मंत्रालयको YouTube चैनलहरुमा पनि लाइव-स्ट्रीम गरिनेछ। हिंदी प्रसारणको तुरन्तै पछि आकाशवाणीले क्षेत्रीय भाषाहरुमा पनि यस कार्यक्रमको प्रसारण गर्नेछ।

**<u>भाजपा - कांग्रेस</u>**

भाजपाले कांग्रेसमाथि दलित समुदायलाई राजनीतिक हतियारको रूपमा प्रयोग गरेको आरोप लगाएको छ। नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा भाजपाका राष्ट्रिय प्रवक्ता डा. गुरु प्रकाश पासवानले कांग्रेसले समुदायको अपमान गर्ने इतिहास रहेको आरोप लगाए। उहाँले भन्नुभयो कि, यसको विपरीत, नरेन्द्र मोदी सरकारले बी.आर. अम्बेडकरसँग सम्बन्धित तीर्थस्थलहरू प्रदान गरेर उनको विरासतलाई सम्मान गरेको छ।
भाजपाका राष्ट्रिय प्रवक्ता डा. सुधांशु त्रिवेदीले कांग्रेसमाथि राजनीतिक लाभको लागि हिन्दूहरूलाई विभाजन गर्न खोजेको आरोप लगाए। धारा ३७० लाई उद्धृत गर्दै उहाँले भन्नुभयो कि यसको प्रावधानले जम्मू कश्मीरमा वाल्मीकि समुदायका सदस्यहरू विरुद्ध भेदभावपूर्ण बसोबास प्रतिबन्ध लगाएको छ।
भाजपा नेताहरूले दलित मुद्दाहरूमा कांग्रेसको रेकर्डलाई हाइलाइट गर्दै र अम्बेडकरको विरासतलाई सम्मान गर्ने मोदी सरकारको प्रयाससँग तुलना गर्दै यो बयान दिएका थिए। यसअघि कांग्रेसका वरिष्ठ नेता राहुल गान्धीले दलित समुदाय विरुद्धको भेदभावको मुद्दा उठाएका थिए।

**राजनाथ- उद्योग सम्मेलन**

रक्षा मन्त्री श्री राजनाथ सिंहले आज लखनऊमा उद्योग सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ। यो सम्मेलन उहाँको तीन दिने भ्रमणको तेस्रो र अन्तिम दिन हो। प्रधानमन्त्री सेतु योजना अन्तर्गत आयोजित सम्मेलनमा कौशल विकास, उद्यमशीलता र व्यावसायिक शिक्षासँग सम्बन्धित विषयहरूमा छलफल हुनेछ। कार्यक्रमअघि श्री राजनाथ सिंहले प्रधानमन्त्री नरेन्द्र मोदीको 'मन की बात' कार्यक्रम सुन्नेछन्। त्यसपछि उहाले मुख्यमन्त्री योगी आदित्यनाथको उपस्थितिमा लखनऊ छावनी क्षेत्रमा १०१ करोडको १२ विकास परियोजनाहरूको शिलान्यास गर्नुहुनेछ।
हिजो आफ्नो भ्रमणको दोस्रो दिन, रक्षा मन्त्रीले लखनउमा पार्कको उद्धाटन गर्नुभयो र पार्क र सार्वजनिक स्थानहरूले मानिसहरूलाई जोड्न र सामाजिक सम्बन्धहरूलाई बलियो बनाउन मद्दत गर्दछ। कार्यक्रममा उहाले लाला लाजपत राय र शहीद भगतको मूर्तिको अनावरण गर्नुका साथै ४३ करोड13 लाख रुपयाँको विभिन्न विकास परियोजनाहरूको शिलान्यास पनि गर्नुभयो।उहाँले बाबासाहेब भीमराव अम्बेडकर विश्वविद्यालयको ११ औं दीक्षान्त समारोहलाई पनि सम्बोधन गर्नुभयो।

**संघ प्रमुख मोहन भागवत**

राष्ट्रीय स्वयंसेवक संघ प्रमुख मोहन भागवतले भन्नु भएको छ कि मुसलमानहरुलाई भारतको हिस्सा नमान्ने सोच, हिंदुत्वको भावनाको विपरीत हो।न्यूयोर्कमा आयोजित 'एक विश्व, एक मानवता' सम्मेलनलाई सम्बोधन गर्नुहुदै भागवतले भन्नुभयो, हिन्दुत्व प्रत्येक व्यक्तिको सम्मान र सबै धर्महरूप्रति समान सम्मानमा विश्वास गर्दछ।श्री भागवतले समाजमा मानवीय एकता र आपसी सद्भावको सन्देश प्रवाह गर्दै जानुपर्ने दायित्व धर्मगुरुहरूको भएको बताउनुभयो।उहाँले भारतको सह-अस्तित्वको लामो परम्पराको पनि उल्लेख गर्नुभयो र भन्नुभयो कि वर्तमान वैश्विक परिस्थितिमा, सामाजिक र धार्मिक सद्भावको सन्देश पहिलेभन्दा अधिक महत्त्वपूर्ण छ।

**नेपालमा बाढ़**

नेपालमा आकस्मिक बाढीका कारण मृत्यु हुनेको संख्या छ सय पचहत्तर पुगेको छ।अविरल वर्षाका बीच राहत तथा उद्धार कार्य जारी छ | लगभग दुई हज़ार चार सय मानिस अहिले पनि निखिज छन् जसमा , तीन सय बीस भन्दा अधिक विदेशी नागरिक शामेल छन्।अहिलेसम्म चार हजार चार सयभन्दा बढीलाई सुरक्षित स्थानमा सारिएको छ। राहत र बचाव कार्यहरुमा 15 हजारभन्दा अधिक सुरक्षाकर्मी तैनात रहेका छन्।मानिसहरूलाई उद्धार गर्न र राहत सामग्री पुर् याउन हेलिकप्टरको प्रयोग भइरहेको छ। नेपालका प्रधानमंत्री बालेंद्र शाहले सरकारको पहिलो प्राथमिकता हरेक नागरिकको जीवन रक्षा रहेको बताउनुभएको छ |त्यहि अविरल वर्षा र खराब मौसमका कारण उद्धार कार्यमा कठिनाइ भएको छ |मौसम विभागले बाढ़ प्रभावित क्षेत्रहरुमा मेघ गर्जनको साथ बर्षा हुने चेतावनी दिएको छ। यसैबीच काठमाडौंलाई देशका अन्य भागसँग जोड्ने मुग्लिन–काठमाडौं राजमार्ग हिजो पुनः सञ्चालनमा आएको छ। तर, अन्य धेरै सडक भने बन्द रहेका छन् |

**विदेश मंत्रालय - नेपाल बाढ़**

विदेश मन्त्रालयले भनेको छ, 'नेपालमा बुधबार आएको बाढीपछि अहिलेसम्म १०८ भारतीय नागरिकलाई सुरक्षित स्थानमा सारिएको छ। लगभग ५० अन्य भारतीयलाई पनि सम्पर्क गरिएको छ। मन्त्रालयका अनुसार २७५ भारतीय नागरिक बेपत्ता छन्। यता अन्य देशको नागरिकता लिएका भारतीय मूलका करिब १२८ व्यक्ति पनि बेपत्ता छन्।पछिल्लो दुई दिनमा ५९८ भारतीय नागरिक चीनबाट नेपाल आएका छन्। यता चीनमा रहेका लगभग ९०० भारतीय सुरक्षित छन् र भारतीय दूतावास उनीहरूको सम्पर्कमा छ। भारत सरकार नेपाल र चीनका अधिकारीसहित लगातार राहत र उद्धारको कार्यमा जुटेको छ। विदेश मन्त्रालय र काठमाडौं र बेइजिङमा भारतीय दूतावासमा चौबीसै घण्टा हेल्पलाइन सेवा चलिरहेको छ। विदेश मन्त्री डा. एस जयशंकरले भारतीय वायुसेनाको सी-१३० जे हर्कुलस विमान ११ टन राहत सामग्री लिएर हिजो काठमाडौं आइपुगेको बताउनुभेको छ। यो विमानसँगै भारतीय सेनाको १३ सदस्यीय माइन रेस्क्यु टिम र आवश्यक उपकरणहरू पनि पठाइएको छ।

यसका साथै शव पहिचान गर्न डिएनए परीक्षणमा सहयोग गर्न ६ फरेन्सिक टोलीका १९ जना सदस्य पनि नेपाल पठाइएको छ। अहिलेसम्म लगभग ७९ टन राहत सामग्री नेपाल पठाइएको छ। जसमा औषधि, जेनेरेटर, खानाको प्याकेट, पानी शुद्धीकरण ट्याब्लेट र प्राविधिक उपकरण रहेका छन्। २३० फिट लामो स्टिल ब्रिज निर्माणका लागि भारतले १६ ट्रक उपकरण नेपाल पठाएको छ। थप सात बेली ब्रिज निर्माणका लागि आवश्यक सामग्री र प्राविधिक टोली छिट्टै नेपाल पठाइने छ।

**क्रिकेट - महिला टी20 एशिया कप**

महिला क्रिकेटमा भारतले आज थाइल्याण्डसँग टी–२० एसिया कप क्रिकेट अभियानको पहिलो खेलको शुरुवात गर्नेछ।भारतीय समयानुसार मैच राति आठ बजेर तीस मिनट देखि शुरू हुनेछ। हरमनप्रीत कौरले भारतको कप्तानी गर्नेछिन , जबकि स्मृति मंधाना उप-कप्तान हुनेछिन। भारत यस प्रतियोगिताको इतिहासमा सबैभन्दा सफल टीम रहेको छ , जसमा पांचमध्ये तीन मैच भारतले जीतेको छ। थाईलैंडले शुक्रवार हांगकांग, चीनमाथि जीतको साथ टूर्नामेंटको शुरुवात् गरेको थियो। आठ टीमहरुको टूर्नामेंटमा भारत ग्रुप-ए मा थाईलैंड, हांगकांग र पाकिस्तानको साथ रहेको छ।

**नेपाल- भारत तकनीकी दल**

भारतबाट ११ सदस्यीय तकनिकी टोलीले हिजो बाढी प्रभावित क्षेत्रमा रहेका जलविद्युत् परियोजनाहरूको सुरुङको निरीक्षण गरेको थियो। डाक्टर, मेडिकल कर्मचारी र सुरुङ इन्जिनियरहरूको टोली शुक्रबार काठमाडौं आइपुगेको थियो। हिजो उनीहरू नुवाकोट जिल्लाको त्रिशुली पुगेका थिए, जहाँ उनीहरूले एक जलविद्युत् परियोजनाको सुरुङमा फसेका कामदारहरूको उद्धारको प्रयासमा सहयोग गरे। चिलिमे र लाङटाङ क्षेत्रको हवाई सर्वेक्षण पूरा गरेपछि भारतीय टोलीले सुरुङ क्षेत्र वरपर उद्धार अभियान सुरु गरेको थियो। नेपाल सेना, सशस्त्र पुलिस बल र नेपाल पुलिस कर्मीहरुको 82 सदस्यीय संयुक्त सुरक्षा टोली गएरातिदेखि सुरुङभित्र फसेका व्यक्तिहरुलाई भेट्ने प्रयास गरिरहेको छ। नेपालका सुरक्षा बलले हालसम्म विभिन्न जलविद्युत् परियोजनाका सुरुङबाट १९१ श्रमिकको उद्धार गरेको छ। तर, सुरुङभित्र थप मानिस फसेको आशंका गरिएको छ।